आज मिति २०७५।०३।१९ गतेका दिन यस सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक (बैठक नं. १२) यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा बसी तपसील बमोजिमका निर्णय गरियो ।

तपसील :

१. श्री झगबहादुर विश्वकर्मा — अध्यक्ष
२. श्री मिना कुमारी सोमै — उपाध्यक्ष
३. श्री बसन्त बहादुर जि.सी. — २ नं. वडाध्यक्ष
४. श्री चित्र बहादुर सोमै — ४ नं. "
५. श्री भिम बहादुर मर्साङ्गी — ३ नं. "
६. श्री तुल बहादुर रोका — ६ नं. "
७. श्री मुकुन्दराज शर्मा — १ नं. "
८. श्री सन्त बहादुर बराल मगर — ५ नं. "
९. श्री मोहम्मद हलिम हलुवाई — कार्यपालिका सदस्य
१०. श्री टंक प्रसाद सुनार — " "
११. श्री शुसिला के.एम. — " "
१२. श्री चान्द्रिमा थापा — " "
१३. श्री जिवा सुनार — " "
१४. श्री खिमा सुवेदी — " "
१५. श्री शारदा रजौरे — प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति

१६. श्री मनि बहादुर गुरुङ — ना.सु.
१७. श्री मोहम्मद वजिर आलम — लेखापाल
१८. श्री सुखदेव गौतम — का.स.
" कलबहादुर राना — "

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं.१. योजना कार्यान्वयन सम्वन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा योजना कार्यान्वयन सम्वन्धमा निम्नानुसारका निर्णय गरियो ।

क) ५ लाख वा सोभन्दा माथिका योजनाको हकमा उक्त योजनाका उपभोक्ता समितिका अध्यक्ष र सचिव वा कोषाध्यक्ष मध्य १ जना गरी २ जनालाई मिति २०७४।०९।२९ गते १ दिने तालिम को व्यवस्था गर्ने ।

ख) उपभोक्ता समितिको व्यापक गुनासो आएको कारण योजना कार्यान्वयनमा १० प्रतिशत धरौटी राख्ने व्यवस्थालाई हटाइने र योजनाको भुक्तानी दिंदा ३ किस्तामा प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

ग) मेसीनरी औजारको सम्बन्धमा बाटो खन्ने भ्याकु, स्काभेटर लगायतका मेसिनहरु प्रयोग गर्दा भ्याट बाहेक अधिकतम निम्नानुसारको दररेट कायम गर्ने निर्णय गरियो र सोही बमोजिम उपभोक्ता समितिहरुले यसै दररेटलाई आधार मानि काम गर्न गराउन निर्देशन एवं जानकारी दिने निर्णय गरियो ।

टायरवाला भ्याकु रु.२००० / घण्टा ।

चैनवाला डोजर (१८० हर्सपावर सम्म) रु.३२०० /घण्टा  र ब्रेकर प्रयोग गरेमा प्रतिघण्टा रु ४०००।

१८० हर्सपावर भन्दा माथि चैनवाला डोजर ४०००/ घण्टा र ब्रेकर प्रयोग गर्दा प्रतिघण्टा रु ५०००।

घ) उपभोक्ता समूहले संचालन गर्ने आयोजनामध्य रु ५०००० देखि रु ५ लाखसम्मका आयोजनाको खाता ज्योती विकास बैंक दर्भानमा पनि खोल्न सकिने र सोभन्दा  माथिको हकमा नपाल बैंक लिमिटेडमा खोल्ने  निर्णय गरियो ।

ङ) योजनामा ४ प्रतिशत कन्टेन्जेन्सी काट्ने र जनश्रमदान २० प्रतिशत गर्ने निर्णय गरियो ।

च) योजनाको अनुगमन तथा मूल्यांकन प्रभावकारी ढंगले गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ सरुमारानी गाउँपालिकाको भ्रमण खर्च सम्वन्धि निर्देशिका ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा भ्रमण खर्च  सम्वन्धि देहायबमोजिम निर्णय गरियो :

क)गाउँपालिकाको कामकाजमा भ्रमण प्रयोजनमा गाउँपालिका अध्यक्षले रु.१६००। र उपाध्यक्षले दैनिक रु १५००। भ्रमण भत्ता प्राप्त गर्नेछन । त्यस्तै वडा अध्यक्षले दैनिक रु १२००। र वडा सदस्यहरुले दैनिक रु १०००। भ्रमण भत्ता प्राप्त गर्नेछन । साथै गाउँ कार्यपालिकाका सदस्यहरुले पनि वडा अध्यक्ष सरह भ्रमण भत्ता प्राप्त गर्नेछन् ।

ख) भ्रमण खर्च  नियमावलि २०६४ बमोजिम भ्रमण खर्च उपलब्ध हुनेछ । गोष्ठि, सेमिनार तालिम आदिमा आयोजक संस्थाले भ्रमण खर्च व्यहोर्ने भनि उल्लेख भइ आएमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी हुनेछैन ।

ग) उपाध्यक्ष,वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यको काज अध्यक्षबाट स्वीकृत हुनेछ ।

घ) वडा कार्यालयमा कार्यरत कर्मचारीको वडा सचिवको सिफारिसमा काज स्वीकृती प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

ङ) प्रमुख प्रशासकीय अधिकृतको जिल्ला भित्रको काज स्वीकृती प्रमुख प्रशासकीय अधिकृत आफैंले गर्ने र जिल्ला वाहिरको काज स्वीकृत अध्यक्षबाट गराउने निर्णय गरियो ।

छ) यस गाउँपालिकामा ज्यालादारीमा कार्यरत इन्जिनियर र ओभरसियरलाई आयोजनाको कन्टेन्जेन्सी रकमबाट मासिक अधिकतम ७ दिनको भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.३. जिम्मेवारी सम्वन्धमा ।**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत छुट्याईएका महिला तथा बालबालिकासँग सम्वन्धित कार्यक्रमहरुमा वडासँग सहकार्य गरी सम्पन्न गर्न यस कार्यालयमा कार्यरत सहायक महिला विकास निरीक्षक ललिता कँडेललाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४. कार्यालय सहयोगीको म्याद थप सम्वन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत कार्यालय सहयोगी घनबहादुर राना र सरसफाई सहयोगी हेमन्त जि.सी.लाई अर्को व्यवस्था नभएसम्मको लागि पौषदेखि लागू हुने गरी ३ महिना म्याद थप गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको वडा नं. ६ मा कार्यरत कार्यालय सहयोगी तुल बहादुर उलुंगे र वडा नं. ५ मा कार्यरत कार्यालय सहयोगी मान बहादुर पल्लीलाई अर्को व्यवस्था नभएसम्मको लागि मंसीरदेखि लागू हुनेगरी ३ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५. पारिश्रमिक सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयमा ज्यालदारीमा नियुक्त इन्जिनियर र सवइन्जिनियरलाई क्रमशः मासिक रु ३०५००। र रु २३५००। पारिश्रमिक दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६. Account Software खरिद सम्वन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको लेखा शाखामा आवश्यक पर्ने Account Software खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७. सामाजिक परिचालकहरुको सम्वन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा कार्यरत सामाजिक परिचालकहरु गौरा के.सी.,हेमन्ता शर्मा र मानवहादुर सोमैलाई २ महिनाको लागि एकीकृत सम्पति करको प्रयोजनार्थ तथ्यांक संकलन गर्न मासिक रु १२०००। पारिश्रमिक दिइ ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८. IT Officer र प्रशासन सहायकको विज्ञापन गर्ने सम्वन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत LGCDP को कार्यक्रम अनुसार एकजना IT Officer को विज्ञापन गर्ने र यस गाउँपालिकाको वडा नं. ६ मा प्रशासन सहायकको विज्ञापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९. संघसंस्थाहरुको दर्ता सम्वन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका भित्र संचालित सम्पूर्ण संघसंस्थाहरु यस गाउँपालिकाको कार्यालयमा दर्ता भएपश्चात मात्र सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो । साथै त्यस्ता

Scanned with CamScanner

संघसंस्थाहरुको बारेमा सम्बन्धित वडा कार्यालयहरुले सहजीकरण गरी गाउँपालिकालाई सहयोग गर्ने निर्णय गरियो ।
ल

**प्रस्ताव नं. १०. गाउँपालिकाको भवन निर्माण सम्वन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको भवन निर्माण सम्वन्धमा कन्सल्टेन्ट इन्जिनियरबाट भवनको डिजाइन तथा इस्टीमेट तयार गरी गाउँपालिकाको नाममा पास भएका सरुमारानी गाउँपालिका वडा नं. ४ स्थित कित्ता नं. मा निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११. किसानसँग गाउँ सरकार कार्यक्रम सम्वन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा किसानसँग गाउँ सरकार कार्यक्रमको प्रारुप तयार गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्न आर्थिक विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२. समिति गठन सम्वन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाभित्र रहेका भुमिहिनहरु,अव्यवस्थित बसोबास तथा समस्यामा परेका जग्गाहरुको लगत संकलन गर्न देहायबमोजिमको लगत संकलन समिति गठन गर्ने र सो समितिले कार्य प्रारम्भ गरेको १ महिनाभित्र वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजन र जनप्रतिनिधिहरुको सहयोग र समन्वयमा कार्यसम्पादन गरी गाउँपालिकामा पेश गर्ने गरी निर्णय गरियो ।

संयोजक हरि प्रसाद पौडेल

सदस्य योगेश सारु

सदस्य फन वहादुर पल्ली

सदस्य हस्त वहादुर सुनार

सदस्य शान्ता विष्ट

**प्रस्ताव नं. १३ मर्मत सम्भार कोषबाट रकम विनियोजन गर्ने सम्वन्धमा ।**

प्रस्ताव नं. १३. माथि छलफल गर्दा वडा नं ४ को भवन मर्मत तथा रंगरोगन र अस्थायी प्रहरी चौकी वड्डाँडा भान्सा घर तथा शौचालय मर्मत मा अपुग रकम रु १२०७३५।- र वडा नं १ मा पशु कार्यालयको भवन मर्मतमा अपुग रकम रु २००००।- मर्मत सम्भार कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

आगामी बैठक आवश्यकता अनुसार बस्ने गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

Scanned with CamScanner